**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको**

# स्वत: प्रकाशन

२०८३ साल बैशाख १ गतेदेखि २०८३ साल असारमसान्तसम्म


**रोशी गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

रोशी–७, अमलटार, काभ्रेपलाञ्चोक

फोन: ९८५१२०१९३७

इमेल: **roshi2073@gmail.com**



प्रकाशन मिति: **२०८३ साउन १४**

## १. रोशी गाउँपालिकाको स्वरूप र प्रकृति

काभ्रेपलाञ्चोक जिल्लाका १३ स्थानीय तहमध्ये रोशी गाउँपालिका एक हो। यो गाउँपालिका साविकका खहरेपागु, शिखर आम्बोटे, महादेवटार, शिसाखानी, सिपाली चिलाउने, कटुञ्जेबेँसी, खार्पाचोक, मंगलटार, बाल्टिङ र भीमखोरी गरी १० वटा गाविसलाई समेटेर गठन गरिएको हो।

यस गाउँपालिकाको पूर्वमा सुनकोशी गाउँपालिका (सिन्धुली), पश्चिममा नमोबुद्ध नगरपालिका, उत्तरमा तेमाल गाउँपालिका तथा दक्षिणमा महाभारत र बेथानचोक गाउँपालिका रहेका छन्।

गाउँपालिकाको कुल क्षेत्रफल **१७६ वर्ग किलोमिटर** रहेको छ। २०७८ सालको जनगणनाअनुसार यहाँको जनसंख्या **२३,७९०** रहेको छ, जसमध्ये **११४८६ पुरुष** र **१२३०४ महिला** रहेका छन्।

नेपालको संविधान अनुसार प्रत्येक गाउँपालिका स्वशासित तथा संगठित संस्था हो। गाउँपालिकाको आफ्नै छुट्टै छाप हुन्छ र यसले चल तथा अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न तथा आफ्नो नामबाट मुद्दा दायर गर्न वा मुद्दा खेप्न सक्छ।

यस गाउँपालिकामा प्रति वर्ग किलोमिटर औसत **१३५ जना** जनघनत्व रहेको छ। महाभारत पर्वत शृङ्खलाको उत्तरी मोहडामा तथा रोशी खोलामाथिको क्षेत्रमा अवस्थित यस गाउँपालिकामा कृषि उत्पादन, वन, जडीबुटी तथा पर्यटन विकासका प्रशस्त सम्भावना रहेका छन्।

यहाँ मुख्य रूपमा हिन्दू र बौद्ध धर्मावलम्बीहरूको बसोबास रहेको छ। तामाङ समुदायको बाहुल्य भए पनि ब्राह्मण, क्षेत्री, मगर, नेवार, ठकुरी, कामी, दमाई, सार्की, हायु, पहरी लगायत विभिन्न जातजातिको समेत बसोबास रहेको छ।

यहाँका अधिकांश नागरिक कृषि, पशुपालन तथा व्यापारलाई मुख्य पेशाका रूपमा अपनाउँदै आएका छन्। धुलिखेल, बनेपा तथा काठमाडौं उपत्यकासँगको सहज पहुँचका कारण गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा सकारात्मक प्रभाव परेको छ।

बी.पी. राजमार्गले गाउँपालिकाका अधिकांश वडालाई यातायातसँग जोडेकाले स्थानीय कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणमा उल्लेखनीय सहयोग पुगेको छ।

भौगोलिक रूपमा मध्यम पहाडी क्षेत्र भएकाले मानव बसोबास, कृषि, पर्यटन तथा अन्य आर्थिक गतिविधिका लागि यो क्षेत्र अत्यन्त उपयुक्त मानिन्छ। गाउँपालिकाले उपलब्ध सम्भावनालाई अवसरमा रूपान्तरण गर्दै योजनाबद्ध रूपमा विकास कार्यक्रम सञ्चालन गर्दै आएको छ।

## २) गाउँपालिकाको काम, कर्तव्य र अधिकार

### १. नगर प्रहरी

गाउँपालिकाले नगर प्रहरी सम्बन्धी नीति, कानुन, मापदण्ड बनाउने, लागू गर्ने तथा नगर प्रहरीको सञ्चालन र व्यवस्थापन गर्ने अधिकार राख्छ।

## २. सहकारी संस्था

- सहकारी सम्बन्धी स्थानीय नीति तथा कानुन बनाउने ।
- सहकारी संस्थाको दर्ता, सञ्चालन र नियमन गर्ने ।

## ३. एफ.एम. रेडियो सञ्चालन

- १०० वाटसम्मका एफ.एम. रेडियोलाई अनुमति दिने ।
- नवीकरण गर्ने ।
- आवश्यक परे खारेज गर्ने ।
- सञ्चालनको नियमन गर्ने ।

## ४. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर

गाउँपालिकाले संघीय तथा प्रदेश कानुनअनुसार:

- स्थानीय सेवाको शुल्क निर्धारण गर्ने ।
- ट्रेकिङ, र्‍याफ्टिङ, बञ्जी जम्प, केबलकार, मोटरबोट आदि पर्यटन गतिविधिबाट शुल्क उठाउने ।
- जडीबुटी, ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, स्लेट आदि प्राकृतिक स्रोतको बिक्री तथा निकासी शुल्क संकलन गर्ने ।
- सिफारिस, दर्ता, अनुमति र नवीकरण दस्तुर लिने ।
- राजस्व वृद्धि गर्ने नीति बनाउने ।
- कर छल्ने कार्य नियन्त्रण गर्ने ।
- मालपोत संकलन गर्ने ।
- अन्य आवश्यक कर तथा सेवा शुल्क व्यवस्थापन गर्ने ।

## ५. स्थानीय सेवाको व्यवस्थापन

- कर्मचारी व्यवस्थापन सम्बन्धी नीति बनाउने ।
- सेवा सर्त निर्धारण गर्ने ।
- कर्मचारी समायोजन तथा परिचालन गर्ने।
- संगठन विकास गर्ने।
- जनशक्ति व्यवस्थापन गर्ने।
- सूचना प्रविधिको प्रयोग बढाउने ।
- कर्मचारीको क्षमता विकास र तालिम सञ्चालन गर्ने।

## ६. स्थानीय तथ्यांक तथा अभिलेख

- स्थानीय तथ्यांक संकलन गर्ने ।
- जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद तथा बसाइँसराइको अभिलेख राख्ने ।
- पारिवारिक विवरण अद्यावधिक गर्ने ।
- सूचना प्रविधिको प्रयोग गरी तथ्यांक व्यवस्थापन गर्ने ।

## ७. स्थानीय विकास आयोजना तथा परियोजना

- विकास योजना तयार गर्ने ।
- योजना कार्यान्वयन गर्ने ।
- अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय तथा पूर्वाधार विकासका योजना सञ्चालन गर्ने ।
- प्राकृतिक स्रोतको पहिचान गर्ने ।
- भवन निर्माण अनुमति दिने ।
- सरकारी, विद्यालय तथा सामुदायिक भवन निर्माण तथा मर्मत गर्ने ।
- संघ तथा प्रदेशका योजनासँग समन्वय गर्ने ।
- सुरक्षित बस्ती विकास गर्ने ।
- पर्यटन विकासका योजना सञ्चालन गर्ने ।
- नयाँ पर्यटकीय गतिविधि विकास गर्ने ।

## ८. आधारभूत तथा माध्यमिक शिक्षा (बाँकी)

- विद्यालय व्यवस्थापन समिति गठन तथा सञ्चालन गर्ने ।
- विद्यालयको नामकरण गर्ने ।
- सामुदायिक विद्यालयको जग्गा र सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गर्ने ।
- शिक्षाको गुणस्तर सुधार गर्ने र आवश्यक पाठ्यसामग्री उपलब्ध गराउने ।
- शिक्षक तथा कर्मचारीको दरबन्दी मिलाउने ।
- विद्यालय भवनको नक्सा स्वीकृत गर्ने तथा नियमन गर्ने।
- विद्यालय भवनको निर्माण, मर्मत तथा व्यवस्थापन गर्ने ।
- आधारभूत तहको परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने ।
- निःशुल्क शिक्षा, छात्रवृत्ति तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने।
- ट्युसन तथा कोचिङ कक्षाको अनुमति र नियमन गर्ने।
- स्थानीय ज्ञान, सीप तथा प्रविधिको संरक्षण र प्रवर्द्धन गर्ने।
- पुस्तकालय तथा वाचनालय सञ्चालन गर्ने।
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय गर्ने।
- सामुदायिक विद्यालयलाई अनुदान तथा बजेट व्यवस्थापन गर्ने।

- शिक्षक तथा कर्मचारीको तालिम र क्षमता विकास गर्ने।
- अतिरिक्त शैक्षिक गतिविधि सञ्चालन गर्ने।

## ९. आधारभूत स्वास्थ्य तथा सरसफाइ

- स्वास्थ्य, सरसफाइ तथा पोषण सम्बन्धी नीति बनाउने।
- आधारभूत स्वास्थ्य सेवा सञ्चालन गर्ने।
- अस्पताल तथा अन्य स्वास्थ्य संस्था स्थापना र सञ्चालन गर्ने।
- स्वास्थ्य पूर्वाधार विकास गर्ने।
- स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर कायम गर्ने।
- वायु तथा ध्वनि प्रदूषण नियन्त्रण गर्ने।
- सरसफाइसम्बन्धी जनचेतना बढाउने।
- स्वास्थ्यजन्य फोहोरको संकलन, प्रशोधन र व्यवस्थापन गर्ने।
- औषधि पसलको अनुमति, अनुगमन र नियमन गर्ने।
- निजी तथा गैरसरकारी संस्थासँग समन्वय गरी स्वास्थ्य सेवा सुधार गर्ने।
- परिवार नियोजन तथा मातृ–शिशु स्वास्थ्य सेवा सञ्चालन गर्ने।
- महिला तथा बालबालिकामा कुपोषण रोकथाम तथा नियन्त्रण गर्ने।

## १०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण तथा जैविक विविधता

- स्थानीय व्यापार सम्बन्धी नीति तथा कानुन बनाउने।
- हाटबजार तथा बजार व्यवस्थापन गर्ने।
- स्थानीय उत्पादनको मूल्य निर्धारण र अनुगमन गर्ने।
- व्यापारिक पूर्वाधार निर्माण गर्ने।
- वस्तु तथा सेवाको गुणस्तर अनुगमन गर्ने।
- व्यापारिक फर्मको दर्ता, नवीकरण र नियमन गर्ने।
- व्यापार सम्बन्धी तथ्याङ्क संकलन गर्ने।
- निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने।
- उपभोक्ता अधिकारको संरक्षण गर्ने।
- बौद्धिक सम्पत्तिको संरक्षण गर्ने।
- वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण गर्ने।
- वातावरणीय जोखिम न्यूनीकरण गर्ने।
- प्रदूषण नियन्त्रण गर्ने।
- हरित क्षेत्र संरक्षण तथा विस्तार गर्ने।
- स्थानीय स्तरमा फोहोरमैला व्यवस्थापन गर्ने।

## ११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा सिँचाइ

- सडक तथा सिँचाइ सम्बन्धी नीति तथा योजना बनाउने।
- स्थानीय तथा ग्रामीण सडक निर्माण, मर्मत र संरक्षण गर्ने।
- झोलुङ्गे पुल, पुलपुलेसा, तटबन्ध तथा सिँचाइ आयोजना सञ्चालन गर्ने ।
- सिँचाइ प्रणालीको सञ्चालन, मर्मत र अनुगमन गर्ने।
- यातायात सुरक्षाको व्यवस्था गर्ने।

## १२. गाउँसभा तथा मध्यस्थता व्यवस्थापन

- गाउँसभा सञ्चालन सम्बन्धी नीति तथा कार्यविधि बनाउने।
- वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने।
- विभिन्न समितिहरू गठन गर्ने।
- आवश्यक परे संयुक्त समिति गठन गर्ने।
- कार्यपालिकाको प्रतिवेदनमाथि छलफल गर्ने।
- विकास योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिने।
- आर्थिक भार पर्ने विषयमा आवश्यक निर्णय गर्ने।
- स्थानीय विवाद समाधान तथा मेलमिलापको व्यवस्था गर्ने।

## १३. स्थानीय अभिलेख व्यवस्थापन

- अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानुन तथा मापदण्ड बनाउने।
- जनसंख्या, प्राकृतिक स्रोत, आर्थिक, सामाजिक, सांस्कृतिक तथा पूर्वाधारसम्बन्धी तथ्याङ्क संकलन र अद्यावधिक गर्ने।
- सूचना तथा अभिलेख केन्द्र स्थापना र सञ्चालन गर्ने।
- सार्वजनिक सम्पत्ति, भवन, सडक, पसल तथा व्यवसायको अभिलेख राख्ने।
- सम्पन्न तथा सञ्चालनमा रहेका योजनाको विवरण अद्यावधिक गर्ने।
- सूचना प्रविधिको प्रयोग गरी अभिलेख व्यवस्थापनलाई आधुनिक बनाउने।

## १४. जग्गाधनी दर्ता प्रमाणपत्र वितरण

- स्थानीय जग्गाको नाप–नक्सा, कित्ताकाट, नामसारी तथा दर्ता सम्बन्धी कार्यमा सहजीकरण गर्ने।
- जग्गाधनी दर्ता प्रमाणपत्र वितरण तथा अभिलेख व्यवस्थापन गर्ने।
- जग्गाको वर्गीकरण अनुसार लगत राख्ने।
- सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति तथा मुआब्जा वितरणमा समन्वय गर्ने।
- जग्गाको स्वामित्व निर्धारण कार्यमा सहयोग गर्ने।

## १५. कृषि तथा पशुपालन

- कृषि तथा पशुपालन सम्बन्धी नीति, कानुन र योजना बनाउने।
- किसानलाई बजार सूचना, तालिम, प्रविधि, प्राविधिक सेवा तथा कृषि सामग्री उपलब्ध गराउने।

- कृषि तथा पशुमा लाग्ने महामारी र प्राकृतिक प्रकोप नियन्त्रण गर्ने।
- पशु चिकित्सा सेवा सञ्चालन गर्ने।
- कृषि वातावरण तथा जैविक विविधताको संरक्षण गर्ने।
- उन्नत पशुपालन प्रणाली विकास गर्ने।
- उच्च मूल्यका कृषि उत्पादनको प्रवर्द्धन तथा बजारीकरण गर्ने।
- चरन क्षेत्रको विकास तथा व्यवस्थापन गर्ने।
- पशुआहारको गुणस्तर नियमन गर्ने।
- पशुपालन सम्बन्धी तथ्याङ्क तथा सूचना प्रणाली व्यवस्थापन गर्ने।
- पशुबधशाला तथा शीतभण्डार सञ्चालन र नियमन गर्ने।
- पशु बीमा तथा ऋणमा सहजीकरण गर्ने।

## १६. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायहरूको व्यवस्थापन

- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायहरूको अभिलेख अद्यावधिक गर्ने ।
- परिचयपत्र वितरण तथा सामाजिक सुरक्षा सुविधा उपलब्ध गराउने।
- ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र तथा आश्रय केन्द्र सञ्चालन गर्ने।
- अपाङ्गता पुनर्स्थापना केन्द्र तथा ज्येष्ठ नागरिक केन्द्र सञ्चालनमा समन्वय गर्ने।
- सडक बालबालिका, अनाथ, असहाय तथा मानसिक समस्या भएका व्यक्तिको पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने।

## १७. बेरोजगारको तथ्याङ्क संकलन

- रोजगार तथा बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन गर्ने।
- स्वदेशी तथा वैदेशिक श्रमिकको विवरण राख्ने।
- विभिन्न सीप भएका जनशक्तिको अभिलेख तयार गर्ने।
- सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना व्यवस्थापन गर्ने।
- रोजगार सूचना केन्द्र सञ्चालन गर्ने।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई वित्तीय साक्षरता तथा सीपमूलक तालिम दिने।
- विदेशबाट फर्केका नागरिकको पुनःस्थापना तथा सीपको उपयोग गर्ने व्यवस्था मिलाउने।

## १८. कृषि प्रसारको व्यवस्थापन

- कृषि प्रसार सम्बन्धी नीति तथा योजना बनाउने ।
- कृषि प्राविधिक सेवा सञ्चालन गर्ने।
- किसानको क्षमता विकास तथा सीप अभिवृद्धि गर्ने।
- बीउ, बिरुवा, मल, विषादी तथा कृषि सामग्रीको आपूर्ति र नियमन गर्ने।
- कृषि सहकारी तथा किसान समूहसँग समन्वय गर्ने।

- नयाँ कृषि प्रविधि संरक्षण तथा विस्तार गर्ने।
- कृषि सम्बन्धी सूचना प्रचार–प्रसार गर्ने।
- स्थानीय स्रोत केन्द्रको विकास गर्ने।
- प्राङ्गारिक (जैविक) खेतीको प्रवर्द्धन गर्ने।

## १९. खानेपानी, साना जलविद्युत् आयोजना तथा वैकल्पिक ऊर्जा

- खानेपानी सम्बन्धी नीति, कानुन तथा योजना तयार गर्ने।
- खानेपानीको महसुल निर्धारण गर्ने र सेवा व्यवस्थापन गर्ने।
- साना जलविद्युत् आयोजनाको योजना, निर्माण, सञ्चालन तथा नियमन गर्ने।
- वैकल्पिक ऊर्जाको विकास, प्रवर्द्धन र प्रयोगलाई प्रोत्साहन गर्ने।
- स्थानीय विद्युत् वितरण प्रणालीको व्यवस्थापन गर्ने।
- वैकल्पिक ऊर्जा सम्बन्धी नयाँ प्रविधि विकास र विस्तार गर्ने।

## २०. विपद् व्यवस्थापन

- विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना बनाउने।
- विपद् आउनुअघि पूर्वतयारी गर्ने।
- उद्धार, राहत तथा आवश्यक सामग्रीको व्यवस्थापन गर्ने।
- बाढी, पहिरो लगायत प्राकृतिक जोखिमको नियन्त्रण गर्ने।
- जोखिमयुक्त बस्तीको पहिचान गरी आवश्यक परे स्थानान्तरण गर्ने।
- संघ, प्रदेश, निजी क्षेत्र तथा समुदायसँग समन्वय गरेर विपद् व्यवस्थापन गर्ने।
- विपद् व्यवस्थापन कोष सञ्चालन गर्ने।
- विपद्पछि पुनर्स्थापना तथा पुनर्निर्माण गर्ने।
- विपद् सम्बन्धी तथ्याङ्क संकलन तथा अध्ययन गर्ने।
- समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने।

## २१. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ संरक्षण

- जलाधार, खानी तथा खनिज पदार्थ संरक्षण सम्बन्धी नीति बनाउने।
- पानीका मुहान संरक्षण गर्ने ।
- भू–संरक्षण तथा जलाधार व्यवस्थापन गर्ने ।
- खानी तथा खनिज पदार्थ सम्बन्धी तथ्याङ्क राख्ने ।
- बहुमूल्य धातु तथा खनिज संरक्षणमा सहयोग गर्ने ।
- ढुंगा, गिट्टी, बालुवा, माटो, स्लेट आदि प्राकृतिक स्रोतको उत्खनन, अनुमति, नवीकरण तथा व्यवस्थापन गर्ने ।
- भौगोलिक नक्सा प्रकाशन गर्ने।

## २२. भाषा, संस्कृति तथा ललितकलाको संरक्षण

- स्थानीय भाषा, संस्कृति तथा कलाको संरक्षण गर्ने ।
- पुरातात्त्विक तथा ऐतिहासिक सम्पदाको संरक्षण र विकास गर्ने ।
- परम्परागत जात्रा तथा पर्वको संरक्षण र व्यवस्थापन गर्ने ।
- समाजमा रहेका कुरीति तथा कुसंस्कार हटाउन जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।

## ३. गाउँपालिकाको दरबन्दी तेरिज:

| क्र.सं. | पदनाम | तह | सेवा | समूह/उपसमूह | संख्या |
|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा प तृतीय | प्रशासन | सामान्य प्रशासन | १ |
| २ | प्रशासन अधिकृत | अधिकृतस्तर सातौँ | प्रशासन | सामान्य प्रशासन | २ |
| ३ | प्रशासन सहायक | सहायकस्तर पाँचौ | प्रशासन | सामान्य प्रशासन | १७ |
| ४ | लेखा अधिकृत | अधिकृतस्तर र सातौँ | प्रशासन | आर्थिक प्रशासन | १ |
| ५ | लेखा सहायक | सहायकस्तर पाँचौँ | प्रशासन | आर्थिक प्रशासन | २ |
| ६ | आन्तरिक लेखा परीक्षक | लेखा परीक्षण सहायक | प्रशासन | आर्थिक प्रशासन | १ |
| ७ | कानून अधिकृत | सातौँ | कानून | कानून | १ |
| ८ | महिला विकास निरीक्षण | सहायक पाँचौँ | विविध | विविध | १ |
| ९ | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर सातौँ | विविध | विविध | १ |
| १० | विद्यालय निरीक्षक | अधिकृतस्तर सातौँ | शिक्षा | शिक्षा प्रशासन | १ |
| ११ | प्राविधिक सहायक | सहायकस्तर पाँचौँ | शिक्षा | शिक्षा प्रशासन | २ |
| १२ | कम्प्युटर अपरेटर | सहायकस्तर पाँचौँ | विविध | विविध | १ |
| १३ | अ हे व | चौथो | स्वास्थ्य | हे ई | २८ |
| १४ | हे अ | पाँचौ | स्वास्थ्य | हे ई | १२ |
| १५ | अ न मी | चौँथो | स्वास्थ्य | प हे न | ३० |
| १६ | अ न मी | चौँथो | स्वास्थ्य | प हे न | १ |
| १७ | हे अ | पाँचौ | स्वास्थ्य | हे ई | २ |
| १८ | कविराज | पाँचौ | स्वास्थ्य | आयुर्वेद | १ |
| १९ | वैद्य | पाँचौ | स्वास्थ्य | आयुर्वेद | १ |
| २० | ल्याव टेक्निसियन | पाँचौ/छैठौ/सातौँ | स्वास्थ्य | मेडिकल ल्याव टेक्नोलोजी | १ |
| २१ | इन्जिनियर | अधिकृतस्तर सातौँ | सिभिल | इन्जिनियरिङ | १ |
| २२ | सब इन्जिनियर | पाँचौ | सिभिल | इन्जिनियरिङ | १३ |
| २३ | अमिन | चौँथो | सर्भे | इन्जिनियरिङ | १ |
| २४ | वातावरण तथा विपद् व्यवस्थापन अधिकृत | अधिकृतस्तर सातौँ | विविध | विविध | १ |
| २५ | पशु विकास अधिकृत | अधिकृतस्तर आठौँ | कृषि | पशु चिकित्सा | १ |
| २६ | प्राविधिक सहायक | सहायकस्तर पाँचौ | कृषि | पशु चिकित्सा | ११ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | कृषि प्रसार अधिकृत | अधिकृतस्तर सातौँ | कृषि | कृषि प्रसार | १ |
| २८ | प्राविधिक सहायक | सहायकस्तर पाँचौ | कृषि | कृषि प्रसार | ११ |
| २९ | कार्यालय सहयोगी | विहिन | प्रशासन | सामान्य प्रशासन | ३ |
| ३० | मेडिकल अधिकृत | अधिकृतस्तर आठौँ | स्वास्थ्य | ज हे स | २ |
| ३१ | स्टाफ नर्स | पाँचौ/छैठौ/सातौँ | स्वास्थ्य | जनरल नर्सिङ | ५ |
| ३२ | हे अ | पाँचौ/छैठौ/सातौँ | स्वास्थ्य | हे इ | ३ |
| ३३ | कविराज आयुर्वेद सहायक | पाँचौ/छैठौ/सातौँ | स्वास्थ्य | आयुर्वेद | १ |
| ३४ | ल्याव टेक्निसियन | पाँचौ/छैठौ/सातौँ | स्वास्थ्य | मेडिकल ल्याव टेक्नोलोजी | १ |
| ३५ | रेडियोग्राफर | पाँचौ/छैठौ/सातौँ | स्वास्थ्य | रेडियोग्राफी | १ |
| ३६ | फार्मेसी सहायक | पाँचौ/छैठौ/सातौँ | स्वास्थ्य | फार्मेसी | १ |
| ३७ | डेण्टल हाइजिनिष्ट | चौँथो/पाँचौ/छैठौ | स्वास्थ्य | डेण्टिट्रि | १ |
| ३८ | नायब सुब्बा | रा प अन | प्रशासन | सामान्य प्रशासन | १ |
| ३९ | कार्यालय सहयोगी | विहिन | प्रशासन | सामान्य प्रशासन | ४ |
| ४० | सरसफाईकर्मी | विहिन | प्रशासन | सामान्य प्रशासन | २ |

## ४. गाउँपालिकाबाट सम्पादित कार्यहरुः

### प्रशासन शाखा

- गाउँ कार्यपालिकाको कार्यालयबाट प्रवाह हुने सेवाहरु आफ्नै प्रशासकीय भवनबाट प्रवाह हुने व्यवस्था मिलाईएको छ।
- कर्मचारी क्षमता विकास कार्यक्रम अन्तर्गत विभिन्न चरणमा गाउँ कार्यपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई जिन्सी व्यवस्थापन, सार्बजनिक खरिद व्यवस्थापन लगायतका क्षमता विकास तालिम सञ्चालन गरिएको छ।
- १ पटक सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरिएको छ।
- संस्थागत सुशासन प्रवर्धन गर्नका लागि वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र माध्यमिक विद्यालयहरुमा नियमित अनुगमन गरी पृष्ठपोषण गरिएको।
- गाउँपालिका कार्यालयबाट भूमि प्रशासन सम्बन्धी सेवाको सुरुवात गरिएको छ। यो सँगै साविक मालपोत कार्यालय र नापी कार्यालयबाट प्रवाह हुँदै आएका सेवाहरु अब गाउँपालिकाबाट नै प्रदान हुनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा जिन्सी व्यवस्थापनको लागि PAMS अनिवार्य गरिएको छ।

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण**

- जेष्ठ नागरिक भत्ता  प्राप्त गर्ने कुल संख्या २२१९ जना
- जेष्ठ नागरिक भत्ता (दलित) भत्ता प्राप्त गर्ने कुल संख्याः९०
- जेष्ठ नागरिक एकल महिला भत्ता  प्राप्त गर्ने कुल संख्या ३१६

- विधवा भत्ता प्राप्त गर्ने कुल संख्या ४७०
- पूर्ण अपाङ्गता भत्ता प्राप्त गर्ने कुल संख्या १५६
- अति अशक्त अपाङ्गता भत्ता प्राप्त गर्ने कुल संख्या २४३
- दलित बालबालिका भत्ता प्राप्त गर्ने कुल संख्या १३५
- लोपन्मुख जाति भत्ता प्राप्त गर्ने कुल संख्या ७१

**व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन**

चालु आ.व. मा कुल ६५२ वटा जन्म दर्ता, २६७ वटा मृत्यु दर्ता, ६५ वटा सम्बन्ध विच्छेद, बसाईसराई गरी आएको २९, बसाईसराई गरी गएको १४२ गरी जम्मा १३९० वटा घटना दर्ता भएको छ ।

**सूचना प्रविधि शाखा**

- प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को लागि सम्पूर्ण मतदान केन्द्रहरुमा सिसिटिभि जडान गरी सुरक्षा व्यवस्था मिलाईएको।
- गाउँ कार्यपालिकाको कार्यालयमा विद्युतीय हाजिरीलाई अनिवार्य गरी कर्मचारीहरुको नियमितताको निगरानी गरिएको।
- स्थानीय सरकार कार्यसञ्चालन मूल्याङ्कन (LGPAS) को विवरण प्रविष्टी गर्ने कार्य समयमा नै सम्पन्न गरिएको छ।
- कार्यालयबाट संप्रेषण गर्नुपर्ने चिठ्ठीपतरहरु समयमानै तत् तत् निकायहरुमा पठाईएको छ।
- कार्यालयको वेवसाइट, फेशबुक नियमित रुपमा अध्यावधिक गरिएको छ।

**आर्थिक प्रशासन शाखा**

**आर्थिक वर्ष ०८२/८३ को आय व्यय विवरण**

राजस्व तर्फः

- आन्तरिक स्रोत रु. १ करोड २८ लाख ६६ हजार
- राजस्व बाँडफाँड आन्तरिक रु. १ करोड ८३ लाख ६६ हजार
- राजस्व बाँडफाँड संघः. ९ करोड ३८ लाख ४ हजार
- राजस्व बाँडफाँड प्रदेश ३ करोड १९ लाख ५९ हजार

वित्तिय हस्तान्तरण अनुदान तर्फ

- वित्तीय समानीकरण अनुदान रु. १० करोड ५५ लाख ४० हजार
- शसर्त अनुदान रु. ३६ करोड १० लाख ९४ हजार
- समपुरक अनुदान रु. ३ करोड ८४ लाख
- विशेष अनुदान रु. १ करोड ५४ लाख

आ.व. २०८२/८३ को हालसम्मको समग्र प्रगति विवरण

- आ.व. २०८२/८३ को लागि कुल विनियोजित बजेट ७४ करोड ८१ लाख ४५ हजार रहेकोमा हालसम्म चालु तर्फ ८७.२३ र पूजीगत तर्फ ७२.०८% खर्च भएको छ।
- समग्र खर्च प्रतिशतः ८३.२५% रहेको छ।

आ.व. ०८२/८३ को क्षेत्रगत बजेट तथा खर्च विवरण

- आर्थिक विकास क्षेत्र अन्तर्गत कुल २ करोड १७ लाख विनियोजन भएकोमा ८३.६६% खर्च भएको छ।

- सामाजिक विकास क्षेत्र अन्तर्गत ४२ करोड ५६ लाख ५८ हजार विनियोजन भएकोमा ८६.६९% खर्च भएको छ ।
- पूर्वाधार विकास क्षेत्र अन्तर्गत १४ करोड ५९ लाख ५५ हजार विनियोजन भएकोमा ७२.७९% खर्च भएको छ ।
- वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र अन्तर्गत ३ करोड १७ लाख ५० हजार विनियोजन भएकोमा ७५.१२% खर्च भएको छ ।
- संस्तागत विकास तथा सुशासन क्षेत्र अन्तर्गत १२ करोड ३० लाख ८२ हजार विनियोजन भएकोमा ८६.१३% खर्च भएको छ ।

**स्वास्थ्य शाखा**

१) राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधी वितरण कार्यक्रम । कार्तिक २० र २१ गते १०८४ जना लाई वितरण र बैशाख ६ र ७ गते १०८९ जना लाई वितरण ।

२) VIA जाँच शिविर रोशी अस्पताल, सिपाली,कटुञ्जेवेशी र मंगलटारमा संचालन भएको जसमा ५५७ जना लाभान्वित जसमा VIA positive ४२ जना, POP ५१ जना, सर्जरीको लागि रिफर १० जना

३) निःशुल्क स्वास्थ्य शिविर मंगल जनविजय मा.वि. मंगलटारमा संचालन भएको जसमा लाभन्वित संख्या ५४७ जना जस मध्ये डेन्टल ९०, अकुपन्चर ४१ जना, आँखा जाँच १६४ जना, छाला सम्बन्धी ४१ जना, स्त्री रोग ३१ जना, जनरल १८० जनाले सेवा लिइएको

४) पालिका अन्तर्गतका वर्थिङ सेन्टरमा भएको सुत्केरी संख्या ५८ जना र न्यानो  झोला वितरण पनि ५८ जना

५) Municipal Level Workshop on Geo-enabled Microplanning of national Immunization Programme २ चरणमा मंसिर २१ र २२ गते संचालन भएको ४३ जना सहभागी ।

६) HPV खोप अभिमुखिकरण कार्यक्रम माघ २० गते ३५ जना सहभागी र खोप अभियानमा १९६ जनाले खोप लगाइएको ९८% प्रगति भएको छ।

७) स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि तालिम माघ १६ र १७ गते सञ्चालन गरिएको जसमा २५ जना सहभागी भएको ।

८) नसर्ने रोगको स्क्रिनिङ माघ महिना भर संचालन भएकोमा २४९६ जना लाभान्वित ।

९) पूर्ण खोप वडा  तथा पालिका घोषणा भएको ।

१०) राष्ट्रिय पोषण लेखाजोखा कार्यक्रममा  ६५४ जना लाभान्वित ।

११) मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्महत्या रोकथाम सम्बन्धी जनचेतना कार्यक्रम संचालन गरिएको ।

**महिला बालवालिका शाखा**

१.जेष्ठ नागारिक परिचय पत्र –५० वटा जारी भएको छ ।

२.अपांगता परिचयपत्र –२२ वटा जारी भएको छ,

३. आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रमको सम्पन्न भएको छ,

४.बालविवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम सम्पन्न भएको छ

५.अपांगता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नास्थापना कार्यक्रम कार्यान्वयनको लागि साझेदारी सँस्था सँग सम्झौता भएको छ,

६.अपांगता भएका व्यक्तिहरुको सशक्तिकरण कार्यक्रम सम्पन्न भएको छ,
७.अटिजम भएका व्यक्तिहरुको अविभावकहरुलाई अभिमुखीकरण कार्यक्रम समपन्न भएको छ,
८.बाल क्लवका पदाधिकारीहरुको क्षमता विकास समबन्धि कार्यक्रम समपन्न भएको छ,
७.दलित आय आर्जन कार्यक्रम कार्यान्वयनको लागि वडा नं १० रोशी दलित समिति सँग सम्झौता भएको छ,
९.लोपोन्मुख जाती संरक्षण कार्यक्रम कार्यान्वयनको लागि सुचना प्रकाशन गरिएको छ,
१०.महिला तथा बालबालिका सशक्तिकरण कार्यक्रम सम्पन्न भएको छ।

## लघु उद्यम विकास शाखा

आ.व. २०८२/०८३ को लघु उद्यम विकास कार्यक्रमको प्रगति विवरणः

- ब्यबसायसँग सम्बन्धित अभिमुखिकरण कार्यक्रम संञ्चालन गरिएको।
- ३ वटा लघु उद्यमी समूह गठन गरि बचत तथा ऋण परिचालन गर्न सहजिकरण गरिएको।
- ६५ जना सहभागिहरुको घरधुरी सर्वेक्षण गरी सिप विकास तालिमको लागि सम्भावित उद्यमीको छनौट गरिएको।

| **क्र.सं** | **स्रोत** | **विनियोजित बजेट** |
|---|---|---|
| १ | स्थानिय | ८,००,०००।- |
| | **नयाँ उद्यमी सिर्जना तर्फ** | |
| २ | संघिय सशर्त बजेट | ३,३६,०००।- |
| | **स्तरोन्नती तर्फ** | |
| ३ | संघिय सशर्त बजेट | २,१०,०००।- |
| | **जम्मा** | **१३,४६,०००।-** |

| **क्र.सं.** | **कार्यक्रम/ आयोजना** | **लक्ष्य** | **प्रगति संख्या** | **विनियोजित बजेट** | **वित्तिय प्रगति** | **भौतिक प्रगति** |
|---|---|---|---|---|---|---|
| **१** | उद्यम विकासका लागि सामाजिक परिचालन | २ वटा | २ | ३५,०००।- | ३५,०००।- | घरधुरी सर्वेक्षण गरी वार्षिक आयको आधारमा सहभागी छनौट गरी ५० जनाको फर्म भरेको। |
| २ | उद्यमशिलता विकास तालिम | २ वटा | २ | १,००,०००।- | १,००,०००।- | ४८ जनाले लघु उद्यम के हो, कसरी व्यवसाय स्थापना गर्ने र कसरी नाफा कमाउने भन्ने उदेश्य प्राप्त गरेको। |
| ३ | प्राविधिक सीप विकास तालिम | ८० जना | ६२ जना | ४,९२६००।- | ४,९०,६८५।- | १७ जनाले फलफुल खेती र २५ जनाले व्यवसायिक पशुपालन सम्बन्धि तालिम लिएको। २० जनाले मिनी टिलर मर्मत सम्बन्धि तालिम लिएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | बजारिकरणका लागि भ्रमण कार्यक्रम | १ | १ | १,७८,४००।- | १,७८,४००।- | १८ जना नयाँ लघु उद्यमीहरुमा व्यवहारिक ज्ञान प्राप्त भई नयाँ सोचको विकास भएको। |
| ५ | लघु वित्तमा सहज पहुँचका लागि लघु वित्तसँग अन्तर्क्रिया कार्यक्रम | ५० जना | २३ जना | ५०,०००।- | १८,०००।- | बचत तथा बचत परिचालन गर्न सक्षम भएको साथै ऋण लिने प्रक्रिया बारे जानकारी प्राप्त भएको। |

**आयुर्बेद औषधालय**

Opd मा आएका विरामी संख्या:

जम्मा महिला-८५०/-

जम्मा पुरुष-५८३/-

**१.शसर्त अनुदान तर्फ सञ्चालित कार्यक्रमहरु-**

.विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम- रोशी मा.वि (सहभागी संख्या ६५)

भिमेश्वर मा.वि (सहभागी संख्या ५८)

नागरिक आरोग्य अभियान कार्यक्रम (सहभागी संख्या ३५)

**२.स्थानिय सरकार तर्फ सञ्चालित कार्यक्रमहरु-**

. निशुल्क आयुर्वेद स्वास्थ्य शिविर कार्यक्रम-१. वडा न.७ मा जम्मा ११७/-जना

२. वडा न.११मा जम्मा १२२/-जना

. वडा स्तरिय निशुल्क आयुर्वेद उपचार तथा औषधि वितरण कार्यक्रम-( सञ्चालन गरिएको वडा न.६)

जम्मा सेवाग्राहि संख्या- ८६ जना।

. स्वास्थ्य जिवनशैली कार्यक्रम (जनविजय मा.बि)- सहभागी संख्या ५०/-

. स्थानिय जडिवुटि सम्वन्धि परिचयात्मक कार्यक्रम तथा लगत संकलन(सहभागी संख्या २०)-सञ्चालन गरिएको वडा न.६।

. स्तनपायी आमा कार्यक्रम-( सञ्चालन गरिएको वडा न.९)- (सहभागी संख्या २२)

. जेष्ठ नागरिक सेवा कार्यक्रम-( सञ्चालन गरिएको वडा न.९)- (सहभागी संख्या २६)

**कृषि विकास शाखा**

- किवि प्रवर्द्धन कार्यक्रम, रोशी-१२ अन्तर्गत छनौट भएका ३ वटा साझेदार संस्थाहरुसँग सम्झौता गरीएकोमा २ वटा संस्थाले कार्यक्रम सम्पन्न गरेको।

- फलफूल बगैँचा व्यवस्थापन तथा प्रबर्द्धन कार्यक्रम अन्तर्गत छनौट भएका ६ वटा साझेदार संस्थाहरु वडा नं ४, ७, ९, १० र ११ मा सम्पन्न गरिएको ।
- आ.व.२०८१/८२ मा स्थापना भएको पकेट विकास कार्यक्रमको निरन्तरता अन्तर्गत वडा नं २, ५, ८ र ११ मा सहकारी।समूह मार्फत मकैको बीउ तथा अन्य सामाग्री वितरण कार्य सम्पन्न गरिएको । (सूचना आह्वान गरी छनौट भएका ४ वटा समुह, फर्महरुलाई १ लाख १६ हजारका दरले)
- रासायनिक मल बिक्रेता अनुमति प्राप्त २० वटा सहकारी संस्थाहरुलाई यस आर्थिक वर्षमा पनि मलको कारोबार गर्नको लागि डिलरसिप नविकरण गरिएको ।
- मागमा आधारित कृषि बाली प्रकोप, बाली संरक्षण तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत कृषकहरुको माग बमोजिम कृषि बालीमा लाग्ने रोग किरा तथा अन्य समस्या समाधानका लागी बाली संरक्षण सामग्री वडाहरुमा पुर्याई वितरण कार्य सञ्चालन गरिएको ।
- कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम अन्तर्गत प्रारम्भिक तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरिएको ।
- रोशी गाउँपालिका" र "बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, काभ्रेपलाञ्चोक" बीच कृषि तथा पशुपालन क्षेत्रमा आवद्ध कृषकहरुलाई व्याज अनुदान उपलब्ध गराउन सम्झौता गरि चैत्र मसान्त सम्मको रकम भुक्तानी गरिएको ।
- रैथाने बाली।स्थानीय बाली प्रवर्द्धन कार्यक्रमको अन्तर्गत कोदो र फापरको बीउ वितरण कार्य भईरहेको ।
- माटो परिक्षण स्थापना तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत माटो परीक्षणका लागि आवश्यक सामग्रीहरु खरिद गरिएको ।
- वडा नं. ५ को कृषि फर्म सामाग्री वितरण साझेदारी कार्यक्रम सूचना माग गरी आदेवन सङ्कलन गरी सामग्री खरिद प्रकृयामा रहेको ।
- कृषि सामाग्री कम्पनी, धुलिखेलबाट युरिया मल ७२२० बोरा र डिएपी मल ४२०० बोरा तथा साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड, बनेपाबाट युरिया २६२० बोरा र डिएपी मल ३१०० बोरा मलको कोटा प्राप्त भएको र गाउँपालिका भित्रका रासायनिक मल बिक्रेता डिलरशीप प्राप्त कृषि सहकरी संस्थाहद्वारुरा आ-आफ्नो कार्यक्षेत्रमा मल विक्री वितरण कार्य संचालन भईरहेको ।
- रोशी गाउपालिका वडाहरुमा किसानहरुको आवश्यकता अनुसार खेतबारीमा पुगी समस्या समाधान तथा बगैँचा सुदृढीकरको लागी आवश्यक परामर्श प्रदान गरिएको ।
- आर्थिक विकास समितिको बैठक २ र स्थानीय तह मल वितरण व्यवस्थापन समितिको बैठक ७ पटक गरी जम्मा ९ पटक बैठक बसी विभिन्न कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन सम्बन्धी निर्णय गरी कार्यक्रम संचालन गरिएको ।
- वडा नं ९ को कृषि कार्यक्रम अन्तर्गत कृषि बालीमा लाग्ने रोग किरा नियन्त्रणका लागि जैविक विषादी खरिद गरी वितरण कार्य भईरहेको ।
- वडा नं ३ को कृषि कार्यक्रम अन्तर्गत हिउँदे तरकारीहरु प्याज (४०० प्याकेट), रायो (४०० प्याकेट), मुला (४०० प्याकेट) र धनिँया (४०० प्याकेट) समावेश गरी ४०० वटा मिनिकिट वितरण गरिएको ।

- वडा नं ३ को कृषि कार्यक्रम अन्तर्गत वर्षे तरकारीहरु काक्रो/भक्तपुर लोकल (१५०प्याकेट), फर्सी/लोकल (१५० प्याकेट), रामतोरीया/अर्का अनमिका (१५० प्याकेट),भण्टा/पि.पि.एल (१५०प्याकेट),बोडी/तने बोडी(१५० प्याकेट) र खुर्सानी/अकबरे खुर्सानी(१५० प्याकेट) मिनिकिट वितरण गरिएको।
- आफ्नो पहलकदमीमा बाली संरक्षण प्रयोगशाला, हरिहरभवन, ललितपुरवाट प्रोटिन वेट विषादी ४० लिटर प्राप्त गरी वडा नं. २, १०र १२ का कृषक, कृषक समुहहरुलाई वितरण गरीयो।
- आफ्नो पहलकदमीमा तरकारी बाली विकास केन्द्र, खुमलटार, ललितपुरवाट ५३ जना कृषकहरुलाई तरकारीको बीउ उत्पादन सम्वन्धि एकदिने स्थलगत तालिम, तरकारीको मिनीकीट र १ जना कृषकलाई सिमी चौमासेको मूल बिउ ४ के. जी. वितरण गरीयो।

**पशु विकास शाखा**

- पशुपन्छी औषधी तथा आवश्यक उपकरण खरिद कार्यक्रम अन्तरगत पशुपन्छीको लागि आवश्यक औषधी उपकरण खरिद कार्य सम्पन्न गरिएको छ।
- बागमती प्रदेश शसर्त अनुदान अन्तर्गत बाख्रापालन प्रवर्धन कार्यक्रम रोशी-९ र १२ अन्तर्गत ७ जना बाख्रा पालक किसान संग ५०% लागत साझेदारीमा छनौट भएका फर्महरुसंग सम्झौता सम्पन्न भैसकेको र बाख्रा खरिद तथा खोर निर्माण कार्य सम्पन्न भएको छ ।
- बागमती प्रदेश शसर्त अनुदान अन्तर्गत उत्पादनमा आधारित दुधमा प्रोत्सान अनुदान कार्यक्रम अन्तर्गत १२ वटा दुग्ध सहकारी तथा निजि फर्म हरुलाई छनोट गरि सम्जौता र भुक्तानी सम्पन्न भैसकेको।
- गाई तथा भैँसीहरुमा नश्ल सुधार गरी दुध र मासु उत्पादन वृद्धि गरी दूध र मासुमा आत्मनिर्भर बनाउने अभिप्रायले हालसम्म १०२१ वटा पशुहरुमा कृत्रिम गर्भाधान गरिएको छ।
- १२५३ पशुपन्छीहरुको प्रत्यक्ष औषधि उपचार तथा ३७ वटा पशुहरुमा गाईनाकोलोजिकल समस्याको समाधान गरिएको छ।
- सप्ताहव्यापी खोप कार्यक्रम अन्तर्गत २०,००० PPR डोज खोप लगाएको, ४००० LSD Vaccine, १००० CSF Vaccine र ३०,००० FMD डोज Vaccine पशुमा लगाइ कार्य सम्पन्न भएको ।
- 875 LSD vaccine र 1100 Rabies vaccine खरिद कार्य सम्पन्न भइ खोप कार्यक्रम सम्पन्न गरिएको छ।
- ६७५ वटा पशुधनको बीमा गरिएको छ।

**पूर्वाधार विकास शाखा**

- रु.१० लाख भन्दा माथिका सम्पूर्ण आयोजनाहरु ठेक्का मार्फत कार्यान्वयन गरिएको छ। चालु आ.व. मा कुल ठेक्का आव्हानः १५ वटा रहेको छ। जसमध्ये कुल कार्यान्वयन भएका योजनाको संख्या १४ वटा रहेको छ।
- संघीय समपुरक आयोजना अन्तर्गत चौकीडाँडा खहरेपाँगु सडक कालोपत्रे अन्तर्गत भौतिक प्रगति १००% र वित्तीय प्रगति ९५% रहेको छ।
- प्रदेश समपुरक आयोजना अन्तर्गत नक्कले डाँडा चण्डीबेशी डाँडा मानेभञ्ज्याङ नारायणटार सडकको भौतिक प्रगति १००% रहेको छ र वित्तीय प्रगति ९२ %।

- प्रदेश समपुरक आयोजना अन्तर्गत साझकोट सिग्देल माटे सडकको भौतिक प्रगति १००% रहेको छ र वित्तीय प्रगति ९७% रहेको छ।

**आ.व. २०८२/८३ को समग्र भौतिक प्रगति देहाय बमोजिम रहेको छ**

- कालोपत्र सडक ४७० मिटर
- नयाँ ट्र्याक ७ किमि
- सडक ढलान ५०० मिटर
- सडक ग्राबेल १५०० मिटर
- सडक मर्मत तथा स्तरोन्नती १० किमि
- सडक सोलिङ १ किमि
- पक्की नाली २०० मिटर
- सामुदायीक भवन निर्माण २ वटा
- नयाँ खानेपानी ट्याङ्की निर्माण ५ वटा
- नयाँ धारा जडान २५ वटा
- खानेपानी आयोजना मर्मत ५
- मन्दिर निर्माण २ वटा
- गुम्बा ५ वटा
- पाटी पौवा चिहान तथा घाट १२ वटा

**स्थायी आवास पुनर्निर्माण तर्फः**

- पुनर्निर्माण तर्फ १९९ जना लाभग्राही मध्ये हालसम्म ८८ जनाको सम्झौता भएको छ।
- प्रवलीकरण तर्फ ४१ जना लाभग्राही मध्ये १२ जनाको सम्झौता भएको छ।

**योजना शाखाः**

**उपभोक्ता समिति मार्फत कार्यान्वयन भएका योजनाहरुको विवरणः**

- सम्झौता भएका कुल योजनाः २५० वटा
- सम्पन्न भएका योजनाः २३६ वटा

**भूमि प्रशासन शाखा**

१. राजस्व असुली विवरण

| कार्यालयको नाम | रजिष्ट्रेशन दस्तुर (पुँजीगत लाभकर वाहेक) | पुँजीगत लाभकर | अन्य राजस्व | कैफियत |
|---|---|---|---|---|
| भूमी व्यवस्थापन शाखा रोशी गाउँपालिका। | रु. १,७२,४७५/- | रु. २९२५/- | - | - |

२. रजिष्ट्रेशन दस्तुरमा छुट पाउनेको नाममा पारित लिखत संख्या सम्बन्धी विवरण

| विवरण | महिला | दलित तथा जनजाती | सहिद परिवार | अपाङ्ग | अन्य | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| संख्या | ७ | - | - | - | - | ७ | |
| राजस्व रकम | रु.१,१५,४४०/- | - | | | | रु.१,१५,४४०/- | छुट पछिको राजस्व रकम |

३. रजिष्ट्रेशन दस्तुर असुली तथा बाँडफाँट सम्बन्धी विवरण (राजस्व लाभकर बाहेकको राजस्व)

| रजिष्ट्रेशन दस्तुर | प्रदेशमा पठाईएको | स्थानीय तहमा पठाईएको | बाँडफाँट हुन बाकी | कैफियत |
|---|---|---|---|---|
| रु. १,७२,४७५/- | - | - | रु. १, ७२,४७५/- | |

४. कारोवार संख्या

| **क्र.सं.** | **लिखत प्रकार** | **संख्या** |
|---|---|---|
| १. | लिखत पारित | राजिनामा -१०<br>अंशवण्डा - १<br>छोडपत्र - १<br>हालैदेखिको वकसपत्र - १<br>जम्मा - १३ |
| २. | नामसारी | - |
| ३. | संशोधन | - |
| ४. | रोक्का | - |
| ५. | फुकुवा | - |
| ६. | प्रतिलिपि | - |
| ७. | अन्य | |

## गाउँपालिकामा रहेका शाखा, वडा र जिम्मेवार कर्मचारी

| क्र.स | शाखा/वडा | नाम थर | पद |
|---|---|---|---|
| १ | गाउँपालिका | टंक बहादुर नेगी | प्रमुख प्रशासकीय अधिकृत |
| २ | आर्थिक प्रशासन शाखा | विक्रम बस्नेत | सहायक लेखा अधिकृत |
| ३ | शिक्षा शाखा | ठाकुर प्रसाद दाहाल | वरिष्ठ विद्यालय निरीक्षक |
| ४ | पशु विकास शाखा | डा.आयुष्मा पौडेल | पशु चिकित्सक |
| ५ | कृषि विकास शाखा | रिता सिग्देल श्रेष्ठ | कृषि प्रसार अधिकृत |
| ६ | पुर्वाधार विकास शाखा | प्रवेश काजी कटुवाल | इन्जिनियर |
| ७ | नापी शाखा | दिपेश चौलागाई | नापी अधिकृत |
| ८ | भूमि प्रसासन शाखा | धनवीर तामाङ | अधिकृत छैटौं |
| ९ | जिन्सी शाखा | जय प्रसाद गजुरेल | अधिकृत छैटौं |
| १० | स्वास्थ्य शाखा | दिलरत्न शाक्य | सि.अ.हे.व (अधिकृत छैटौं ) |
| ११ | आन्तरिक लेखा परीक्षण शाखा | चन्द्रावती श्रेष्ठ | सहायक लेखापरीक्षण अधिकृत |
| १२ | सूचना प्रविधि शाखा | प्रकाश पौड्याल | सूचना प्रविधि अधिकृत |
| १३ | राजस्व शाखा | पेमा नाम्गेल लामा | कम्प्युटर अपरेटर |
| १४ | रोजगार प्रवर्धन कार्यक्रम | चन्द्र कुमार पाख्रीन | रोजगार संयोजक |
| १५ | योजना शाखा | राम बहादुर तामाङ |  |
| १६ | सहकारी शाखा | राजन श्रेष्ठ |  |
| १७ | न्यायिक सहजकर्ता | वेवी डेजी गुप्ता | न्यायिक सहजकर्ता |
| १८ | महिला, बालबालिका शाखा | मिरा नेपाली | म.वि.नि |
| १९ | लघु उद्यम विकास शाखा | मनिषा मोक्तान | उद्यम विकास सहजकर्ता |
| २० | वडा नं १ | रेनुका कुईकेल | वडा सचिव |
| २१ | वडा नं २ | कपिल कठायत | वडा सचिव |
| २२ | वडा नं ३ | सन्तोष जोशी | वडा सचिव |
| २३ | वडा नं ४ | पुष्टराज सुयल | वडा सचिव |
| २४ | वडा नं ५ | निराजन शर्मा | वडा सचिव |
| २५ | वडा नं ६ | सुजाता मैनाली | वडा सचिव |
| २६ | वडा नं ७ | मोहन गिरी | वडा सचिव |
| २७ | वडा नं ८ | देवकी उपाध्याय | वडा सचिव |
| २८ | वडा नं ९ | सुदिप कार्की | वडा सचिव |
| २९ | वडा नं १० | पार्वती वि.क. | वडा सचिव |
| ३० | वडा नं ११ | मानविर लामा | वडा सचिव |
| ३१ | वडा नं १२ | रविन्द्र यादव | वडा सचिव |

## सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

क) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

गाउँपालिकाले स्वीकृत गरेको आर्थिक ऐन बमोजिम दस्तुर लागु हुने र गाउँपालिकाको नागरिक बडापत्रमा उल्लेख भए बमोजिमको अवधि लाग्नेछ ।

ख) गुनासो सुन्ने अधिकारी

- वरिष्ठ विद्यालय निरीक्षक श्री ठाकुर प्रसाद दाहाल

## प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारीको नाम थर

प्रमुखः दिनेश लामा

उप प्रमुखः मिम बहादुर वाइवा

प्रमुख प्रशासकीय अधिकृतः टंक बहादुर नेगी

प्रवक्ताः वसन्त कुमार तामाङ

सूचना अधिकारीः धनविर तामाङ

## गाउँपालिकाको वेवसाईटः

www.roshimun.gov.np

## गाउँपालिकाले सूचना प्रकाशन गर्ने

गाउँपालिकाले वेवसाईट, फेशबुकका साथसाथै रेडियोबाट समेत दैनिक भएका कामकारवाहीहरुको विषयमा सूचना प्रकाशन गर्ने गरेको छ ।